# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, जेठ २५ गते २०६२ साल (अतिरिक्ताङ्क १८(ग)

## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५२, अतिरिक्ताङ्क ४७(ग) मिति २०५९।६।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबाट पेट्रोलियम पदार्थको आयात र नेपाल अधिराज्यभर आपूर्तिको व्यवस्था मिलाउन नेपाल आयल निगम लिमिटेडलाई तोकिएको र सो सूचनाबाट तोकिएको म्याद समाप्त भएपछि खण्ड ५२, अतिरिक्ताङ्क ८८ (क) मिति २०५९।१२।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबाट अर्को व्यवस्था नभएसम्मका लागि म्याद थप भएकोमा सोही ऐनको सोही दफाले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अब उप्रान्त देहायका विषयमा देहायबमोजिम गर्ने गरी एल. पी. ग्यासको आयात तथा नेपाल अधिराज्यभित्र आपूर्ति निजी क्षेत्रलाई खुल्ला गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः–

(क) <u>इजाजतपत्र सम्बन्धी व्यवस्था:</u>

१. एल. पी. ग्यासको आयात तथा आपूर्ति गर्न चाहने देहायको क्षमता भएको कम्पनीले इजाजतपत्रको लागि वाणिज्य विभागमा दर्खास्त दिनुपर्नेछः–

(क) कम्तीमा २०० मे. टन बराबरको आफ्नो भण्डारण क्षमता भएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ग्यास ढुवानीको लागि कम्पनीको आफ्नै स्वामित्वमा कम्तीमा ३ वटा बुलेट भएको वा कम्पनीले त्यस्तो बुलेट प्राप्त गर्ने गरी अरू कसैसँग लिखित संझौता भएको,

(ग) प्रत्येक महिना कम्तीमा ५०० मे. टन रिफिल (refill) गर्न सक्ने र रिफिलिङ्ग प्लाण्ट भएको ।

२ दफा १ बमोजिमको दर्खास्तसाथ सोही दफाको खण्ड (ख) बमोजिम अरू व्यक्तिसँग बुलेट प्राप्त गर्ने गरी सम्झौता भएको भए त्यस्तो सम्झौता र जुन विदेशी कम्पनीबाट ग्यास आयात गरिने हो सो कम्पनीसँग भएको सम्झौता पेश गर्नु पर्नेछ ।

३ दफा १ बमोजिमको दर्खास्तसाथ ग्यास विक्री गरिने स्थान र त्यसले ओगट्ने क्षेत्र तथा अनुमानित ग्राहक संख्या समेतको विवरण संलग्न गर्नु पर्नेछ ।

४. इजाजतपत्र प्राप्त कम्पनीले इजाजतपत्र प्राप्त गरेको एकवर्ष भित्रमा कम्तीमा ५०० मे. टन क्षमताको भण्डारण क्षमता तयार गर्नु पर्नेछ ।

५. इजाजतपत्र प्राप्त कम्पनी र सोको डिलरले श्री ५ को सरकारबाट निर्धारित सुरक्षा उपाय र आगलागि नियन्त्रणका लागि गर्नुपर्ने आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

६. इजाजतपत्र प्राप्त कम्पनीले भण्डारण क्षमताको कम्तीमा २० प्रतिशत मौज्दात राख्नुपर्नेछ ।

(ख) <u>अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्थाः</u>

(१) इजाजतपत्र प्राप्त कम्पनी र सोको डिलरले उपर्युक्त शर्त पालन गरे नगरेको तथा निर्धारित मापदण्ड अनुसार आयात तथा विक्री वितरण गरे नगरेको विषयमा वाणिज्य विभागले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(२) गुणस्तर तथा नापतौल विभागले एल.पी. ग्यासको आपूर्तिमा अपनाउनु पर्ने सुरक्षा व्यवस्था, गुणस्तरीयता, वितरण, नापतौल आदि समेतको विषयमा उपभोक्ता वर्गको हितलाईसमेत दृष्टिगत गरी निर्देशिका बनाई कार्यान्वयन तथा सोको पालना भए नभएको विषयमा अनुगमन गर्नेछ ।

आज्ञाले,

भरतबहादुर थापा

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।